


# येशूलाई चिन्नु

## येशू फिल्मको प्रयोग गरेर तपाईंको नयाँ मिसनको समुदाय स्थापना गर्नु

तपाईंको नयाँ मिसनको समुदाय स्थापना गर्नु

# येशूलाई चिन्नु

## तपाईंको नयाँ मिसनको समुदाय स्थापना गर्नु

मानिसहरूसम्म पुग्न *येशू* फिल्मको प्रयोगको महान् साहसिक कार्यमा स्वागत छ, यी मानिसहरूलाई विश्वासमा तालिम दिनुहोस्, त्यसपछि विश्वासको एउटा नयाँ समुदाय स्थापना गर्नुहोस्, अनि  यो समुदायको गुणनात्मक वृद्धि गर्नुहोस्!

v6.5

Jesus Film Project®
A Cru Ministry
Knowing Jesus

# येशू तपाईंको समूहको बीचमा तपाईंको आफ्नै भाषामा उहाँको राज्य निर्माण गर्नको लागि एक अद्भुत तरीकाले तपाईंलाई प्रयोग गर्न चाहानुहुन्छ।

प्रेरित यूहन्नाले प्रकाशको पुस्तकमा लेख्छन्:

[9] त्यसपछि मैले हेरें, अनि त्यहाँ कसैले गनिनसक्ने मानिसहरू थिए। तिनीहरू पृथ्वीका हरेक राष्ट्र, जाति, कूल अनि विभिन्न भाषाका मानिसहरू थिए। तिनीहरू सिंहासन अनि भेंडाको पाठा सामुन्ने उभिरहेका थिए। तिनीहरू सबै सेतो पोशाकमा थिए अनि तिनीहरूका हातमा खजूरका हाँगा थिए। तिनीहरू ठूलो स्वरमा कराए, “हाम्रा परमेश्वर जो सिंहासनमा विराजमान हुनुहुन्छ अनि भेंडाको पाठाको जय होस्।”
(प्रकाश 7:9-10)!

त्यो भीडमा संसारको हरेक भाषा र मानिसहरूको समूहबाट उपासकहरू हुनेछन्। उनीहरूले आफ्नै भाषामा आराधना र गीत गाउनेछन्, र विभिन्न तरिकाले उनीहरूले आफ्नो संस्कृतिको विशिष्टता व्यक्त गर्ने छन्।

येशूले मत्तीको सुसमाचारको अन्तिम पदहरूमा भन्नुभयोः

[19] यसकारण जाऊ र सबै देशका मानिसहरूलाई मेरा चेलाहरू बनाऊ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा देओ। जे जे मैले तिमीहरूलाई आज्ञा गरे ती सबै पालन गर्न तिनीहरूलाई सिकाओ। अनि जगतको अन्तसम्म म सदैव तिमीहरूका साथमा हुनेछु (मत्ती 28:19-20)।

उहाँ हामीलाई जान, चेला बनाउन र ती चेलाहरूलाई बप्तिस्मा दिन र सिकाउन भन्नुहुन्छ। यदि हहामीले उहाँको आज्ञा पालन गर्ने हो भन यी चेलाहरू हुर्कने सबै भन्दा राम्रो ठाउँ एक समुदाय वा विश्वासीहरूको एउटा सानो समूह हो।

***येशू* फिल्म सुसमाचार सुनाउने एक उत्कृष्ट उपकरण हो। तपाईं छिमेकीहरूलाई, परिवार र साथीहरूलाई फिल्म देखाउन सक्नुहुन्छ, र तिनीहरूमध्ये धेरै जना येशूको पछि लाग्न र मुक्ति पाउन चाहनेछन्। तर उनीहरूलाई केवल येशूको बारेमा भन्नु भन्दा पनि, ती तपाईंको प्रिय साथीहरू र परिवार जसले विश्वास गर्नुभएको छ, उनीहरूलाई उहाँको जीवन, उहाँको शिक्षा, उहाँले सिकाउनुभएको दृष्टान्त, उहाँले गर्नुभएको चमत्कार, साथै उहाँको प्रार्थना, परीक्षा, मृत्यु र पुनरुत्थान  बारेमा सिक्न मद्दत गर्न *येशू* फिल्मबाट 61 भागहरू को प्रयोग गरेर उनीहरूको विश्वास निर्माण गर्न जारी राख्न सक्नुहुन्छ।**

# पहिलो चरण

# 01

### तपाईं नयाँ मिसनको समुदाय कहाँ स्थापना चाहनुहुन्छ?

### के त्यहाँ कुनै नजिकैको गाउँ वा छिमेकी छ जसले येशूको बारेमा जान्न आवश्यक छ?

पहिले, तपाईंले त्यो ठाउँमा एक जना "शान्तिप्रिय मानिस" को पहिचान गर्नु आवश्यक छ। लूका 10:6 मा येशूले आफ्ना चेलाहरूमध्ये 72 जना पठाउनुहुन्छ, तिनीहरू गएका हरेक ठाउँमा तिनीहरूले शान्तिप्रिय मानिसको खोजी गरे।
यो त्यस्तो व्यक्ति हो जसको राम्रो प्रतिष्ठा छ र येशू फिल्म हेर्नलाई आमन्त्रित गर्नको लागि उससँग साथीहरू र परिवारको एउटा नेटवर्क छ।

येशूको बारेमा तिनीहरूलाई स्पष्टसँग बताउने अवसरमा स्वभाविक ढङ्गले अगुवाइ गर्न सम्झन सजिलो तीन-चरणहरूको प्रक्रियासँगै तपाईंले यस व्यक्तिसँग सम्बन्ध निर्माण गर्नुहोस् भनी हामी सिफारिस गर्दछौं।

#### a. प्रार्थना

हामी यो शान्तिप्रिय व्यक्तिको लागि प्रार्थना गर्दछौं। आफ्नो परिवार र साथीभाइलाई परिचय गराउन सक्ने त्यो व्यक्ति को हो भनेर परमेश्वरले तपाईंलाई देखाउनुभएको होस् भनेर प्रार्थना गर्नुहोस्। त्यसोभए जब तपाईंले यस व्यक्ति लाई चिन्नुहुन्छ, सोध्नुहोस् कि तपाईं उनीहरूको लागि कसरी प्रार्थना गर्न सक्नुहुन्छ। मानिसहरू खुशी छन् कि येशूका चेलाहरू उनीहरूको आवश्यकताको लागि प्रार्थना गर्छन्।
*येशू* फिल्म 25 र 26 भागहरूमा येशूले हामीलाई प्रार्थनाको बारेमा सिकाउनुहुन्छ।

#### b. वास्ता

जब हामी यो नयाँ साथीको लागि प्रार्थना गर्दछौं र उसको आवश्यकताहरूलाई बुझ्न शुरू गर्छौं, हामी उसको वास्ता गर्दछौं भन्ने कुरा उसको कुरा सुनेर र उसको शारीरिक आवश्यकताहरू पूरा गरेर हामी देखाउन सक्छौं। *येशू* फिल्म भाग 31 मा येशूले असल सामरीको कथा बताउनुहुन्छ र सिकाउनुहुन्छ कि कसरी हामीले हाम्रा छिमेकीहरूको हेरचाह गर्नुपर्छ। *येशू* फिल्ममा धेरै चमत्कारहरूद्वारा येशूले यस किसिमको वास्ता देखाउनुभएको तपाईंले देख्नुहुनेछ।

#### c. बाँड्नु

जब हामी मानिसहरूका कुरा सुन्छौं र उनीहरूका आवश्यकताहरू पूरा गर्न मद्दत गर्दछौं, हामीलाई येशूको सुसमाचारको बारेमा बताउने अवसर दिइन्छ। *येशू* फिल्म भाग 33 मा, येशूले साथी बनाउनुहुन्छ र जक्कैलाई सुसमाचार सुनाउनुहुन्छ।

# दोस्रो चरण

# 02

## *येशू* फिल्म देखाउनुहोस्

शान्तिप्रिय व्यक्तिसँग मिलेर 10 वा सो भन्दा बढी मानिसहरूलाई यस शान्तिप्रिय व्यक्तिको घरमा *येशू* फिल्म हेर्नको लागि आमन्त्रित गर्नुहोस्। धेरैभन्दा धेरै आउन चाहेका तपाईंले पाउनुहुन्छ! प्रविधिको यो युगमा *येशू* फिल्म देखाउने धेरै तरिकाहरू छन्।

यहाँ केही छन्ः

1. यदि तपाईंसँग येशू फिल्म®, उपकरण सेटको बैग छ भने, यसलाई घर बाहिर एउटा ठूलो पर्दामा देखाउनुहोस्! धेरै मानिसहरू यो फिल्म हेर्न आउन चाहन्छन्!

2. यदि त्यस शान्तिप्रिय व्यक्तिको घरमा तपाईंसँग फ्लैट स्क्रीन टिभी छ, त्यसमा USB पोर्ट छ भने, फ्लैश ड्राइवको प्रयोग गर्नुहोस्।

3. यदि तपाईंसँग ब्लुटुथ स्पीकर र ट्याब्लेट उपकरण छ भने, तपाईंले 20 जना सम्मको सानो समूहलाई *येशू* फिल्म देखाउन सक्नुहुन्छ।
मानिसहरू आफ्नै भाषामा येशूको कथा हेर्न र सुन्न उत्साहित हुनेछन्!

फिल्मको समापनमा, तपाईंका दर्शकहरूलाई अर्को पटकको भेटघाटको निमन्त्रणा दिनुहोस्।

पहिले, उनीहरूलाई येशू ख्रीष्टलाई मुक्तिदाताको रूपमा ग्रहण गर्ने अवसर दिनुहोस्। (धेरैले येशूलाई सही पाउनेछन्!) दोस्रो, उनीहरूलाई येशूको बारेमा अरू धेरै कुरा गर्नको लागि अर्को दिन फेरि आउन आमन्त्रित गर्नुहोस् किनकि येशूको बारेमा धेरै कुरा गर्नको लागि तिनीहरूमा रुचि हुनेछ भने धेरै प्रश्नहरू पनि हुनेछन्।

अब सबैभन्दा राम्रो भाग आउँछ!

# तेस्रो चरण

# 03

## नयाँ मिसनको समुदाय वा सानो समूह

फिल्म हेर्ने मानिसहरूले चाहे येशूलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गरून् वा नगरून्, उनीहरूलाई भोलिपल्ट दिउँसो वा साँझ येशूको बारेमा थप कुरा गर्नको लागि आमन्त्रित गर्नुहोस्।

यस भेलामा, (र त्यस पछिका सबै भेलाहरूमा) तपाईंले येशूको बारेमा अरू जान्न र उहाँको बारेमा एक साथ कुरा गर्न *येशू* फिल्मको 61 भागहरू को प्रयोग गर्नुहुनेछ।

अर्को बर्षको समयावधिसम्म तपाईंको नयाँ समूह ख्रीष्टमा हुर्कनेछन्। र, उनीहरू एक अर्काको मायामा हुर्कने छन् र आफ्नो समुदाय र अन्य समुदायमा प्रेममा गुणनात्मक रूपमा बृद्धि हुनेछन्!

आफ्नो पहिलो भेलाबाट यी नयाँ सदस्यहरूल मिसनको समुदायमा जीवनको अनुभव गर्ने छन्। हामी प्रत्येक भेलाको लागि “तीन - तिहाई” (3 / 3) भनिने ढाँचालाई प्रयोग गर्नेछौं।

# चौथो चरण

# 04

## गुणनात्मक वृद्धि गर्नुहोस

*येशू* फिल्मको भाग 17 मा, येशूले फलवन्तको बारेमा के सिकाउनुहुन्छ। यस बिन्दुमा, तपाईंको सानो समूह अर्को एउटा नयाँ समुदाय स्थापनाको लागि पहिलो चरणबाट फेरि सुरु गर्नको लागि तयार हुनेछ!

उनीहरूले शैतानमाथि येशूको शक्ति, प्रकृतिमा उहाँको शक्ति, बिरामी मानिसहरूलाई निको पार्ने उहाँको शक्ति, पाप क्षमा गर्ने, एउटा येशू चेलाको चरित्र र फलवन्त होऊन् भन्ने येशूको अपेक्षा को बारेमा जानिसकेका छन्।

तपाईंले एक जना प्रमुख चेला पहिचान गरिसक्नुभएको हुन सक्छ- तपाईंको तिमोथी, जो यो नयाँ समूहको नेतृत्व गर्नको लागि सक्षम हुनेछ। उनलाई नयाँ बढ्दो समुदाय शुरू गर्नको लागि 1-4 चरणको पालन गर्न मदत गर्नुहोस्!

उहाँको महान् राज्य विस्तारको एउटा भागको रूपमा तपाईंलाई प्रयोग गर्न जसै तपाईंले उहाँमाथि भरोसा राख्नुहुन्छ परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस् भनी हामी प्रार्थना गर्दछौं!

## तीन-तिहाई

चेलापन तालिम प्रक्रिया

### पछाडि हेर्नु

- एक अर्काको वास्ता। सोध्नुहोस् "तपाईंलाई कस्तो छ?"
- आराधना
- विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
- उत्तरदायित्व र समीक्षा
- प्रेरणा र प्रोत्साहन
- दर्शन बाँड्नु

### माथि हेर्नु

- नयाँ पाठ
- आज्ञाकारितामा आधारित बाइबल अध्ययन
- येशूको बारेमा एक साथ नयाँ कथा सिक्नु

### अगाडि हेर्नु

- मिसनको तयारी
- कथाको अभ्यास
- यो हप्ता हामीले कसलाई देखाउने?
- मिसनको लागि प्रार्थना

# “येशूलाई चिन्नु” तालिम को माध्यम बाट जाने 2 तरिका:

***येशू*** फिल्मको भागहरूको माध्यमबाट आफ्नै नयाँ मिसनको समुदायको मार्गदर्शन गर्नको लागि यस पाठ्यक्रमको प्रयोग गर्ने दुई तरिका छन्।

1. शुरुवात-देखि-अन्त (विधि 1)
पूरै *येशू* फिल्म देखाएपछि (माथिको चरण दुई), “येशूलाई चिन्नु” तालिमलाई प्रयोग गर्ने पहिलो तरिका भनेको एउटा समूह बनाउनु र *येशू* फिल्म हेर्नेहरूलाई एक एक भाग गरी सुरुदेखि अन्तसम्म यो फिल्म देखाउनु हो। *येशू* फिल्ममा निहित कथाहरू र शिक्षाहरूमा बलियो बनाउने यो एक उत्कृष्ट तरीका हो!

2. आधार निर्माण (विधि 2)
येशूलाई चिन्नु तालिमको प्रयोग गर्ने दोस्रो तरिकामा तपाईंको नयाँ समुदायका सदस्यहरूलाई केही आधारभूत सिद्धान्तहरूबाट सुरु गरेर तिनीहरूका विश्वासमा निर्माण गर्ने कार्य पर्छ। धेरै वर्षदेखि क्याम्पस क्रुसेड फर क्राइस्ट® (सङ्गठन जसले *येशू* फिल्मको निर्माण गरेको छ) ले नयाँ विश्वासीहरूलाई उनीहरूको विश्वासमा स्थापित गर्नमा मद्दत गर्नको लागि “स्थानान्तरण योग्य अवधारणा” शीर्षकमा धेरै पाठहरू विकास गरेको छ। स्थानान्तरण योग्य अवधारणाहरू *येशू* फिल्मको विभिन्न भागहरूमा चित्रण गरिएको छ।

[कृपया ध्यान दिनुहोस् कि स्थानान्तरण योग्य अवधारणाहरूको एक पूरा लिखित संस्करण अनलाइनमा पढ्न सकिन्छ https://www.cru.org/us/en/train-and-grow/transferable-concepts.html.] तपाईंले वेबसाइटमा यो QR कोड को प्रयोग गर्न सक्नुहुन्छ।

यदि विधि 2 को प्रयोग गरिरहनुभएको छ भने, पहिले तपाईंले क्रमहीन पाठहरूको आठ भागलाई गर्नुहुनेछ। (अर्को पृष्ठमा 8 भागहरू र तिनीहरूका संशोधित क्रमको एक सूची छ जसअनुसार तपाईंले आफ्नो समूहको नेतृत्व गर्नुपर्छ।) एकपटक तपाईंले यी क्रमहीन आठ भागहरूलाई पूरा गरिसकेपछि “येशूलाई चिन्नु” पाठ्यक्रममा फर्कनुहोस् र त्यसपछि यो क्रमैसँग शुरुदेखि अन्तसम्म जानुहोस् (मानौं कि तपाईं विधि 1 सुरु गर्दै हुनुहुन्थ्यो)।

यस अवस्थामा, तपाईंले यी प्रत्येक आठ पाठहरू (समीक्षाको रूपमा) दोस्रो पटक दोहोर्याउनुहुनेछ।

# आधार निर्माण (विधि 2) भाग क्रमः

भाग 61 – “तपाईं एक इसाई हुनुहुन्छ भनी कसरी निश्चित हुन सक्नुहुन्छ”
यदि तपाईं आज मर्नुभयो भने के तपाईं स्वर्गजानुहुन्छ भन्ने कुरामा बिना कुनै शङ्का तपाईं पूर्णत: निश्चित हुनुहुन्छ? (“येशूलाई व्यक्तिगत रूपमा चिन्न आमन्त्रित गर्नुहोस्” क्लिपको प्रयोग गर्नुहोस्)

भाग 14 – “तपाईंले कसरी परमेश्वरको प्रेम र क्षमा अनुभव गर्न सक्नुहुन्छ”
के तपाईंलाई येशू ख्रीष्टमा आफ्ना पापहरू पूर्ण क्षमा पाउनुहुन्छ? भन्ने कहिले काहीँ विश्वास गर्न गाह्रो हुन्छ? बौद्धिक रूपमा तपाईं यो विश्वास गर्नुहुन्छ, तर हृदयबाट चाहिँ के त? (“पापी स्त्रीलाई क्षमा दिइएको” क्लिप प्रयोग गर्नुहोस्)

भाग 26 – “तपाईं कसरी पवित्र आत्माले भरिन सक्नुहुन्छ”
धेरै ख्रीष्टियानहरूले पवित्र आत्मामा कसरी भरिने भन्ने शक्तिशाली र स्वतन्त्र गराउने सन्देश कहिल्यै सुनेका छैनन्। (“प्रार्थना र विश्वासको बारेमा शिक्षा” क्लिपको प्रयोग)

भाग 8 – “तपाईं कसरी एक फलवन्त साक्षी बन्न सक्नुहुन्छ”
धेरै ख्रीष्टियानहरू अरूहरूले किन ख्रीष्टलाई चिन्न सक्दैनन् भनेर अचम्ममा पर्छन्। जे होस्, हामी जहाँ जान्छौं येशूको लागि एउटा फलदायी प्रभाव हुन सक्छौं (“अचम्मसँग माछा पक्रनु” क्लिप प्रयोग गर्नुहोस्)

भाग 60 – “तपाईंले कसरी महान् आज्ञा पूरा गर्नमा मद्दत गर्न सक्नुहुन्छ”
सुसमाचारको शक्ति र येशूको बारेमा मानिसहरूलाई बताउन आनन्दका साथ सुसमाचार हरेक राष्ट्रमा लगिनुपर्छ। (“महान् आज्ञा र स्वर्ग आरोहण” क्लिपको प्रयोग गर्नुहोस्)

भाग 31 – “तपाईंले कसरी विश्वासद्वारा प्रेम गर्न सक्नुहुन्छ”
असल सामरीले अरूलाई प्रेम गर्ने कुराको विश्वासको शक्तिशाली भूमिका देखाउँछ। (“असल सामरीको दृष्टान्त” क्लिपको प्रयोग गर्नुहोस्)

भाग 25 – “तपाईंले कसरी आत्मविश्वासका साथ प्रार्थना गर्न सक्नुहुन्छ”
ब्रह्माण्डको सबैभन्दा शक्तिशाली व्यक्तिकहाँ तपाईंको तुरुन्तको पहुँच छ भन्ने कुरा के तपाईंले कहिल्यै विचार गर्नुभएको छ? (“प्रभुको प्रार्थना” क्लिपको प्रयोग गर्नुहोस)

भाग 38 – “तपाईंले कसरी दिने कामको साहसिक अनुभव गर्न सक्नुहुन्छ”
तपाईंले अनुभव गर्ने सक्ने रोमाञ्चक साहसिक अनुभवहरूमध्ये एक विश्वासद्वारा दिने कामको साहसिक अनुभव गर्नु हो। (“विधवाको दान” क्लिपको प्रयोग गर्नुहोस्)

# भाग 1: शुरुवात – उत्पत्ति

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

*येशू* फिल्मको यो भागले प्रभुले पृथ्वी, बिरुवा, जनावर र मानिस सहित सम्पूर्ण ब्रह्माण्ड कसरी सृष्टि गर्नुभयो भनी हामीलाई बताउँछ। यसको कथाले कसरी आदम र हव्वाले पाप र परमेश्वरको विरुद्ध विद्रोह गरे र उनीहरूले त्यसको परिणाम के भोग्नुपर्यो भनेर बताउँछ। कसरी परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो र संसारको पाप उठाइलैजाने एक मुक्तिदाताको प्रतिज्ञा गर्नुभयो भनेर हामीले थाहा पाउँछौं।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. बाइबल सबै थोकको सृष्टिसँगै शुरू हुन्छ। प्रभुको योजनामा पृथ्वी किन महत्वपूर्ण छ?
3. परमेश्वरले आदम र हव्वाको सृष्टि गर्नुको कारण के हो भनेर धर्मशास्त्र बताउँछ?
4. आदम र हव्वालाई के भयो? बगैंचामा उनीहरूको कार्यको परिणाम के थियो?
5. परमेश्वरले अझै पनि मानिसहरूलाई माया गर्नुभएकोले, उनीहरूलाई आफ्नो सम्बन्धमा फिर्ता ल्याउने एउटा योजना उहाँसँग थियो। अब्राहमको जीवनको कुन घटनाले परमेश्वरको योजनामा के समावेश हुनेछ भनेर देखाउँछ (फिल्मको यस भागमा)?
6. परमेश्वरले उहाँका मानिसका पापको बलिदानको रूपमा को आउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुभयो?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

प्रभुले प्रेम गर्न र उहाँमा आनन्द हुन मानिसहरूलाई आफ्नो प्रतिरूपमा बनाउनुभयो, तर मानिसहरूले प्रभुको विरुद्ध पाप गरे र उहाँबाट अलग भए। उनीहरूलाई उहाँसँगको सम्बन्धमा फिर्ता ल्याउन एउटा योजना परमेश्वरसँग थियो। यो योजनामा प्रतिज्ञा गरिएको मसीह येशू ख्रीष्ट हुनुहुन्थ्यो, जसले पापको ज्याला तिर्नुहुनेछ।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 2: येशूको जन्म (लूका 1:26–33, 2:1-7)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

सबैको जन्मदिन छ। सबैजना एउटै तरीकाले जीवनमा प्रवेश गर्छन्। येशू पनि। येशू परमेश्वरको पुत्र हुनुहुन्छ जसले सबै जना जस्तै यस संसारमा जन्मिएर मानवसँग पहिचान गर्न रोज्नुभयो। उहाँले यो हाम्रो मानवतामा साझेदार हुन गर्नुभयो र उहाँ केवल परमेश्वर मात्र हुनुहुन्छ तर मानिस पनि हुनुहुन्छ भनी देखाउनुभयो।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. तिनले मसीहलाई जन्म दिनेछिन् भन्ने स्वर्गदूतको सन्देशप्रति मरियमको प्रतिक्रिया के थियो?
3. जन्मिने बालक पवित्र बालक हुनेछ भनेर गब्रिएलले के भन्न खोजेको हो भन्ने तपाईंलाई लाग्छ?
4. तपाईलाई किन लाग्छ कि यो महत्त्वपूर्ण छ कि येशू को जन्म एउटा कुमारी बाट भएको थियो?
5. बेथलेहेममा येशूको जन्म हुनु किन महत्त्वपूर्ण थियो? (मीका 5:2 पढ्नुहोस्)
6. मरियम र यूसुफ ले येशूको जन्मको वरपरका घटनाहरूमा कसरी परमेश्वरमा भरोसा गरे?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

- यो येशूको अवधारणा थियो कि अद्वितीय थियो, उहाँको जन्म मात्र होइन।
- मरियम र जोसेफ दुबै ले येशूको जन्म को समय मा परमेश्वर मा भरोसा गरे।
- येशू दुबै परमेश्वर र मानिस हुनुहुन्थ्यो कि मरियम को लागि आफ्नो कुमारी जन्म बाट प्रमाणित हुन्छ।
- येशू पुत्र, संसार, वा कुनै अन्य सृष्टि चीज भन्दा पहिले पितासँग अस्तित्वमा हुनुहुन्थ्यो।

## कार्यान्वयन प्रश्न

के यो भागले तपाई लाई लाग्छ कि येशू को बारे मा तपाईंको दिमाग परिवर्तन भएको छ? यदि हो भने, कुन तरिका मा?

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 3: येशूको बचपन (लूका 2:41-52)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

येशूले हामीलाई हाम्रो व्यक्तिगत जीवनमा कसरी बढ्ने भन्ने एक उदाहरण छोड्नुभयो। यो भागले देखाउँछ कि उहाँ आमा बुबाको आज्ञाकारी हुनुहुन्थ्यो, उहाँ परमेश्वरको आज्ञाकारी हुनुहुन्थ्यो र उहाँ परमेश्वर र मानिसको चरित्रमा बढ्नु भयो। हामीले सिक्न सक्ने एउटा पाठ यो हो कि हामी हाम्रो जीवन यात्राको माध्यमबाट आफ्नै चरित्रमा सुधार गरिराख्न महत्त्वपूर्ण छ।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. बूढा (शिमोन) येशूको बारेमा के भन्छन्?
3. येशूले शिक्षकहरूलाई कसरी छक्क पार्नुभयो? यो किन असामान्य हुने थियो?
4. कसरी यो अनुच्छेद देखाउँछ कि येशू परमेश्वर मात्र होइन, तर "पूर्णतया मानिस पनि हुनुहुन्छ?"
5. मरियम र योसेफले कसरी देखाए कि उनीहरू येशूलाई सही तरिकाले पुरानो करारमा लेखिएको धार्मिक परम्परा अनुसार हुर्काइरहेछन्?
6. येशूलाई परमेश्वरलाई के भनेर बोलाउनुहुन्छ? यसले हामीलाई यो उमेरमा आफ्नो बारेमा उहाँलाई के थाहा थियो भनेर बताउँछ?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

योसेफ र मरियमले येशूलाई निस्तार चाडमा लिएर गएर उनीहरूले परमेश्वरको आज्ञा पालन गरे, जसले हामीलाई अभिभावकत्वको एउटा असल उदाहरण दिन्छ। बाइबलबाट हामी थाहा पाउँछौं कि 12 वर्षको उमेरबाटै उहाँको जीवनको मिसन येशुलाई थाहा थियो। वहाँ कसरी हुर्कनुभयो भन्ने कुरा देखाउन येशुको बाल्यकालको यो घटना परमेश्वरले हामीलाई दिनुभयो, तर वहाँको बारेमा लेखिएका धेरै जसो कुराहरू वहाँको वयस्क जीवन र सेवाकाइसँग सम्बन्धित छन्, जुन हामीले थाहा गरेको परमेश्वर चाहनुहुन्छ।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 4: यूहन्नाद्वारा येशूको बप्तिस्मा (लूका 3:21-22)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

लूकाको यो भागबाट येशूको सार्वजनिक सेवकाइ सुरु हुन्छ। यूहन्नाबाट बप्तिस्मा लिन येशू गालीलबाट यर्दन नदीमा आउनुभएको थियो। वहाँको पापको पश्चात्तापको लागि यूहन्नाले येशूलाई बप्तिस्मा दिएका थिएनन्, किनभने वहाँले कहिल्यै पाप गर्नुभएन।  वहाँले उहाँको जीवनका साथै उहाँको मृत्यु दुवैको प्रतिनिधित्व गर्दै हुनुहुन्छ भनेर संसारलाई देखाउन बप्तिस्मा लिनुभएको थियो।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. तपाईं के सोच्नुहुन्छ कि यहुन्ना ले के कुरा गरिरहनु भएको थियो जब उसले भन्यो कि मानिसहरूले "पश्चाताप गर्नुपर्छ?"
3. येशूले कहिल्यै पाप गर्नुभएको थिएन भने, उहाँले किन बप्तिस्मा लिन चाहनुभयो भन्ने तपाईंलाई लाग्छ?
4. जब परमेश्वर स्वर्गबाट बोल्नुभयो, परमेश्वर येशूसँग खुसी हुनुहुन्थ्यो भन्ने तपाईंलाई लाग्छ?
5. बाइबलले सिकाउँछ कि परमेश्वर तीन व्यक्तिहरूमा अवस्थित हुनुहुन्छ, तैपनि उहाँ एक हुनुहुन्छ। यसलाई "ट्रिनिटी" भनिन्छ। के तपाईंले यस भागमा ट्रिनिटीका सबै तीन सदस्यहरूलाई पाउन सक्नुहुन्छ? वहाँहरू को हुनुहुन्छ?
6. जीवनमा येशूको को के उद्देश्य हुनेछ भनेर यूहन्ना के भन्छन्?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

येशूलाई कुनै पापको लागि बप्तिस्मा लिनु पर्दैन, उहाँले मानिसहरूसँग पहिचान गर्न बप्तिस्मा लिनुभयो। बाइबलमा "पश्चाताप" को अर्थ येशूको बारेमा आफ्नो मन परिवर्तन गर्न र एक नयाँ तवरले जिउनको लागि हो। हामी यहाँ जान्दछौं कि येशूको सेवकाइको उद्देश्य संसारको पाप हटाउनु हो।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 5: शैतानले येशूको परीक्षा गर्छ (लूका 4:1-13)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

कुन कुराले मानिसहरूमा येशूलाई अद्वितीय बनाउँछ? के यो उहाँको शिक्षा थियो? उहाँका चमत्कारहरू? हुनसक्छ, तर एउटा कुरा जसले येशूलाई हरेक अरू व्यक्तिबाट अलग गर्छ त्यो उहाँले कहिल्यै पाप गर्नुभएन, चाहे बोलीमा होस् वा व्यवहारममा होस् भन्ने तथ्य हो। शैतानले येशूलाई पाप गराउन खोजे तापनि ऊ सफल भएन। नयाँ करारमा यो नै शैतानको पहिलो उल्लेख हो। यदि उसले येशूलाई पाप गर्न लगाउन सकेको भए, (जस्तै उसले आदम र हव्वासँग गरेको थियो), शैतानले मानव जातिलाई बचाउने परमेश्वरको योजनालाई नष्ट गरिदिने थियो।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. शैतानले येशूलाई कुन कुन तरिकाले परीक्षा गर्यो वर्णन गर्नुहोस्।
3. आफू परीक्षित येशूले बाइबलका वचनहरू उद्धृत गर्नु किन महत्त्वपूर्ण थियो?
4. येशु परीक्षामाथिय विजयी हुनुभयो भन्ने तथ्यले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर कसरी प्रमाणित गर्दछ?
5. येशूमा कुनै पाप थिएन  भन्ने  कुरा किन महत्त्वपूर्ण छ भन्ने तपाईंलाई लाग्छ?
6. परीक्षामा पर्दा हामीले के गर्नुपर्छ?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

येशू आफ्नो जीवनमा कुनै पाप नगरी उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर प्रमाणित गर्नुहुन्छ। परीक्षाको प्रतिरोध गर्नमा मदत लिन येशूले बाइबलबाट उद्धरण गर्नुहुन्छ। जब उहाँ कमजोर हुनुहुन्थ्यो शैतानले उहाँको परिक्षा गर्यो। शैतान लगातार जीवनका विभिन्न क्षेत्रहरूमा मानिसहरूलाई परीक्षामा पार्छ फलस्वरूप, येशू हामीलाई मद्दत गर्न सक्षम हुनुहुन्छ जब हामी परीक्षामा पर्छौं।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 6: येशू धर्मशास्त्रको पूरा भएको घोषणा गर्नुहुन्छ (लूका 4:16-30)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

मानिसहरूले येशूलाई फरक-फरक प्रतिक्रिया जनाउँछन्। केही मानिसहरू उहाँको शिक्षाहरू स्वीकार गर्छन् तर उहाँले दिनुहुने मुक्ति स्वीकार गर्दैनन्। कोही येशूको बारेमा कहिल्यै सोच्दैनन्। र दुःखको कुरा केही मानिसहरूले उहाँलाई अस्वीकार गर्छन्, जस्तै कि वहाँको आफ्नै गृहनगर नासरतका मानसहरूले गरे।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. येशूले आफ्नो बारेमा के भन्दै हुनुहुन्थ्यो जब वहाँले यशया 61 को अंशबाट पढ्नुभयो?
3. उहाँ गरीब, अन्धा, कैदीहरू र उत्पीडितहरूक बारेमा चिन्तित हुनुहुन्छ भनेर यसले येशूको बारेमा हामीलाई के बताउँछ भन्ने तपाईंलाई लाग्छ।?
4. जब येशूले पद 18 मा “सुसमाचार” वाक्यांश प्रयोग गर्नुहुन्छ, उहाँको मतलब के थियो भन्ने तपाईंलाई लाग्छ? बाइबलमा “सुसमाचार” अर्थ दिने अर्को कुरा शब्द तपाईंलाई थाहा छ?
5. येशूले पद 18 मा उल्लेख गर्नुभयो कि “प्रभुको आत्मा ममा हुनुहुन्छ।” येशूको जीवनमा हामीले पवित्र आत्मा कहाँ देखेका छौं?
6. तपाईलाई किन लाग्छ कि जनताले येशूलाई इन्कार गरे? उहाँको अस्वीकारले उनीहरूको हृदयको बारेमा के देखाउँछ? तिनीहरूले येशूको विरुद्ध कस्तो कारबाही गरे?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

येशू पुरानो करारको मसीह हुनुहुन्छ भन्ने प्रकट गर्दै वहाँले आफ्नो सार्वजनिक सेवकाइ शुरू गर्नुभयो। येशूलाई मानिसहरूका शारीरिक र आध्यात्मिक आवश्यकताहरूको चिन्ता छ। परमेश्वर चाहनुहुन्छ कि मानिसहरूले उहाँको पुत्रमा विश्वास गरून् ताकि उनीहरूले पापहरूबाट मुक्ति पाउन सक्छन् र उहाँको राज्यमा प्रवेश गर्न सक्छन्।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 7: फरिसी र कर उठाउने मानिसको दृष्टान्त (लूका 18:9-14)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

सामान्यतया मानिसहरू कसरी परमेश्वरको नजिक जान्छन्? त्यहाँ मुख्यतया दुई तरिकाहरू छन्: या त नियमहरू पालन गरेर वा विश्वास गरेर। इसाई धर्ममा बाहेक अरू हरेक धर्ममा परमेश्वरको अघि धर्मी हुन पालन गर्नुपर्ने सूची वा नियमहरू छन्। यसको विपरित, इसाई धर्म  मात्र विश्वासमा आधारित धर्म हो जसमा उहाँको कृपा पाउन नियमहरू पालन गर्दैन...तर विश्वासद्वारा परमेश्वरको अघि जान्छ।  परमेश्वरले ख्रीष्टमा हाम्रो लागि जे गर्नुभएको छ त्यही मात्र वहाँसँग सही हुने तरीका हो भनेर इसाई धर्मले स्वीकार गर्दछ। यस भागमा हामी इस्राएलको एक धार्मिक अगुवा “फरिसी” को बारेमा हेर्नेछौं जो परमेश्वरको बारेमा मानिसहरूलाई सिकाउनको लागि जिम्मेवार थियो। उनीहरूले धेरै नियम र व्यवस्थाहरू पालना गर्नुपर्दथ्यो। यसले उनीहरूले हेरचाह गर्नुपर्ने मानिसहरूभन्दा आफूलाई श्रेष्ठ महसुस गरायो।

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।  
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।  
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।  
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. कर उठाउनेहरूलाई इस्राएलका मानिसहरू घृणा गर्थे किनभने उनीहरू कब्जा गर्ने रोमी सरकारको लागि काम गर्थे र जनतालाई धेरै कर तिर्न लगाउँथे।  यस कथाको लागि किन येशूले एक जना महसूल उठाउने मानिस छान्नुभयो भन्ने तपाईं सोच्नुहुन्छ?
3. प्रार्थना गर्दा फरिसीको मनोवृत्ति कस्तो छ? उसले अरू मानिसहरूलाई किन तुच्छ देख्छ?
4. कर उठाउनेको मनोवृत्ति कस्तो छ? उसले प्रभुलाई उसको लागि के गर्न अनुरोध गर्छ?
5. “धर्मी ठहरिनु” को अर्थ के हो भन्ने तपाईंलाई लाग्छ? (रोमी 5:1 हेर्नुहोस)
6. यो कथामा दुई जना मानिसहरूमध्ये कुन परमेश्वरसँग सही भएर घर गए? किन?

## निष्कर्ष

प्रभुसँग सही हुनुको लागि नियमहरूको सेट आवश्यक छैन, मात्र विश्वास। घमण्डले मानिसहरूलाई परमेश्वरबाट टाढा राख्छ किनकि उनीहरू प्रभुमा भरोसा गर्नुको सट्टा आफैँमा भरोसा राख्छन्। प्रभुले विनम्र मानिसहरूले दया माग्दा सो देखाउनुहुन्छ।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाई विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 8: माछा को चमत्कारी पकड (लूका 5:1-11)

## एक अर्काको वास्ता गर्नुहोस्

पछाडि हेर्नु

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

## परिचय – तपाईं कसरी एक फलवन्त साक्षी बन्न सक्नुहुन्छ

माथि हेर्नु

येशूले यो चमत्कार आफ्ना चेलाहरूलाई उहाँ मसीह हुनुहुन्थ्यो र उनीहरू उहाँको पछि लागेर “मानिसहरूको माछा मार्ने” बन्नु पर्छ भन्नलाई देखाउनुभयो। उनीहरूले थाहा पाए कि येशू मसीह हुनुहुन्थ्यो, र तिनीहरूले आफ्नो माछा मार्ने जाल छोडेर उहाँको पछि लागे। माछा मार्नुको रोमाञ्च भन्दा धेरै रोमाञ्चक र आत्मिक रूपमा पुरस्कृत जीवनमा अरू कुनै अनुभव छैन। जब तपाईं येशूको निर्देशनहरूको पालन गर्नुहुन्छ, तपाईंको जाल पनि भर्न सकिन्छ – चाहे तपाईं कहिल्यै कसैलाई ख्रीष्टको बारेमा नबताउनुभएको नै किन नहोस्। तपाईं पत्रुसजस्तै शंकालु हुन सक्नुहुन्छ। तर यदि तपाईं आज्ञाकारी हुनुहुन्छ भने, प्रभुले तपाईंलाई धेरै मानिसहरूलाई येशूको चेला बनाउनको लागि प्रयोग गर्नुहुनेछ।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. येशूले पत्रुसलाई के गर्न भन्नुभयो? यो सुझाव वा आदेश के थियो? यसले येशूको बारेमा के भन्छ?
3. येशूका शब्दहरूमा पत्रुसको प्रतिक्रिया के थियो?
4. पत्रुसले म एक “पापी मानिस” हुँ भनी किन भने भन्ने तपाईंलाई लाग्छ? चमत्कारिक रूपमा माछा पक्रिसके पछि उनी येशूलाई किन उनीबाट टाढा जान भन्दछन्?
5. पत्रुस, याकूब र यूहन्नाले कसरी येशूप्रति आफ्नो प्रतिबद्धता देखाए?
6. उनीहरू “मानिसहरूका मछुवा” हुनेछन् भनेर येशूले भन्नु हुँदा त्यसको अर्थ के थियो भन्ने तपाईंलाई लाग्छ?
7. कुन कुराले तपाईंलाई येशूको बारेमा अरूसँग कुरा गर्नबाट रोक्न सक्छ?
8. तिनीहरूलाई येशुले भन्नुभएका वचन सुनेसके पछि र त्यो चमत्कार देखिसके पछि ती चेलाहरू किन डराए भन्ने तपाईंलाई लाग्छ?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

फलवन्त साक्षी हुनको लागि, तपाईं ख्रीष्टियान हुनुहुन्छ र तपाईंको जीवनमा कुनै स्वीकार नगरिएको पाप छैन भन्ने कुरामा विश्वस्त हुनु आवश्यक छ। तपाईं पवित्र आत्माले भरिनुपर्छ। यी सबै अवधारणहरू हाम्रा अघिल्ला पाठहरूका हुन्। अन्तमा, तपाईं सुसमाचारको कथा सिकेर आफ्नो विश्वासको बारेमा बताउन तयार हुनुपर्छ। यो कथालाई तपाईंले आफ्नै शब्दहरूमा बताउन सक्नुहुन्छ वा येशुलाई चिन्न आवश्यक तपाईंका साथीभाइ वा छिमेकीलाई येशू फिल्मको अन्तिम भाग देखाउन सक्नुहुन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा तपाईंले मानिसहरूलाई प्रेम गर्न र जान र सुसमाचार सुनाउने पहल गर्न आवश्यक छ। अवसरहरूको लागि प्रार्थना गर्नुहोस् र तपाईंलाई प्रभुको प्रयोग गर्नुहुन्छ भन्ने आशा गर्नुहोस्।

---

## कार्यान्वयन

अगाडि हेर्नु

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।
(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।
अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।
प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 9: याइरसकी छोरीलाई जीवित बनाइएको (लूका 8:40-42, 49-56)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

दुःख एक सामान्य मानव भावना हो। यस कथामा एक जना बुबा जसको बिरामी छोरी भर्खरै मरिन्, शोक गर्दै छन्। उसले येशूलाई आएर तिनलाई निको पार्न आग्रह गरेको थियो, तर अब धेरै ढिलो भइसकेको छ। तर येशूले उसलाई विश्वास गर्न र नडराउन मात्र भन्नुहुन्छ। येशूले तब त्यस मानिसकी छोरीलाई मृत्युबाट जीवित बनाउनुभयो र तिनको बुबाको शोकको अन्त्य गर्नुभयो। येशूको बारेमा अद्भूत कुरा यही हो कि हामीले शोक गर्दैगर्दा उहाँले हाम्रो लागि चमत्कार नगर्न सक्नुहोला, तर उहाँले हाम्रा हृदयलाई निको पार्न सक्नुहुन्छ र दुःख र शोकका समयमा हामीलाई सहायता गर्न सक्नुहुन्छ।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. याइरसले येशूलाई आफ्नी छोरीलाई निको पार्न जान किन बिन्ती गरे भन्ने तपाईंलाई लाग्छ? उसले येशुलाई कसरी हेर्छ भन्ने बारेमा यसले के भन्न सक्छ?
3. जब येशुले उसकी छोरी मरेकी छैनन् भन्ने थाहा पाउनुभयो वहाँले  याइरसलाई के भन्नुभयो?
4. येशुले तिनी मरेकी छैनन् तर निदाइरहेकी छिन् भन्दा त्यस केटीका आमाबाबुले कसरी प्रतिक्रिया जनाए? येशुले यसो किन भन्नुभयो?
5. उहाँले मरेकाहरूलाई जीवित बनाउन सक्नुहुन्छ भन्ने कुराले येशुको बारेमा के देखाउँछ?
6. जब पत्रुस, याकूब र यूहन्नाले यो चमत्कार देखे तिनीहरूले के सोचे भन्ने तपाईंलाई लाग्छ?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

येशू मानिसहरूलाई मरेकाहरूबाट जीवित बनाउन सक्षम हुनुहुन्छ भन्ने कुराले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी फेरि प्रमाणित गर्दछ। येशूसँग शोक गर्नेहरूका लागि दया छ। येशू हामीलाई मृत्यु र हानिको हाम्रो डरमा सहायता गर्न सक्षम हुनुहुन्छ।  हाम्रो परीक्षा र कठिनाइहरूमा उहाँ मद्दत गर्न सक्षम हुनुहुन्छ भन्ने कुरा विश्वास गर्न हामीलाई येशू भन्नुहुन्छ।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 10: चुनेका चेलाहरू (लूका 6:12-16)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

माथि हेर्नु

## परिचय

उहाँले छान्नुभएका “प्रेरित” भनेर नाउँ दिनुभएका खास चेलाहरूले उहाँको सेवाकाइलाई जारी राखून् भन्ने सधैं येशू चाहनुहुन्थ्यो। यो शब्द को अर्थ “सन्देशवाहकहरू” हो। तिनीहरूको हाम्रो छनोटभन्दा ठीक विपरीत, येशूले ती मानिसलाई छान्नुभयो जसले खासै पढेका थिएनन्, तिनीहरूका काम गाह्रो थियो र “पापी” भनेर चिनिन्थे र कहिलेकाहीँ तिनीहरूका विश्वासमा र वहाँसँगको प्रतिवद्धतामा कमजोर हुन्थे। यसले हामीलाई देखाउँदछ कि यदि उनीहरू उहाँलाई पछ्याउन इच्छुक छन् भने येशूले जोकोहीलाई पनि प्रयोग गर्न सक्नुहुन्छ।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. किन येशूले आफ्ना बाह्र प्रेरितहरू छान्नु भन्दा पहिले परमेश्वरसँग प्रार्थना गर्न रातभर बिताउनुभयो भन्ने तपाईंलाई लाग्छ?
3. येशूले मत्तीलाई चुन्नुभयो, एक कर उठाउने जसलाई उसको आफ्नै देशमा घृणा गरिन्छ। यसले येशूको बारेमा के बताउँछ?
4. किन मत्ती टोल गेटबाट उठे र येशूको पछि लागे भन्ने तपाईंलाई लाग्छ? येशूलाई पछ्याउन मत्तीले के छोडेको थियो?
5. आफूलाई येशूले बोलाउनुभए पछि, मत्तीले  किन रात्रिभोजन दियो र आफ्ना सबै साथीहरूलाई आउन र उहाँलाई भेट्न आमन्त्रित गर्यो?
6. “प्रेरित” शब्दको अर्थ “सन्देशवाहक” हो। तपाईंले अहिलेसम्म के सिक्नुभयो, जब प्रेरितहरू सेवा गर्न जाँदा उनीहरूको सन्देश के हुने थियो?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

यदि प्रार्थना येशूको लागि महत्वपूर्ण थियो भने, यो हाम्रो लागि पनि महत्वपूर्ण हुनुपर्छ। उहाँको प्रेरित हुन, येशूले साधारण, पापी मानिसहरूलाई पनि छन्नुभयो। येशूले मानिसहरूलाई आफ्नो सेवाकाइ जारी राख्नको लागि प्रयोग गर्नुहुन्छ। मत्तीले जस्तै हामीले मानिसहरूलाई येशु चिनाएको येशु हामीबाट चाहनुहुन्छ।

---

अगाडि हेर्नु

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

# भाग 11: परम खुशी (लूका 6:20-27)

## एक अर्काको वास्ता गर्नुहोस्

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

पछाडि हेर्नु

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

## परिचय

माथि हेर्नु

येशू उहाँमा विश्वास गर्नेहरूलाई उहाँको अनुसरण गर्न चाहानुहुन्छ। उहाँ जान्नुहुन्छ कि जब हामी उहाँलाई पछ्याउँछौं र उहाँका आज्ञाहरू मान्दछौं तब हामी धेरै पूरा र धन्य हुन्छौं। लूकाको पुस्तकको यस भागमा, येशू बताउनुहुन्छ कि कसरी मानिसहरू उहाँको अनुयायी बन्नु भन्दा पहिले उनीहरू को बारे मा सोच्नु पर्छ। उनले आफ्ना अनुयायीहरूलाई “गरीब” र “भोकाउने” भनेर वर्णन गरे। हामी देख्नेछौं कि यी दुई शब्दहरू हृदय को एक मनोवृत्ति को वर्णन गर्दछ कि येशू लाई मुक्तिदाता को रूप मा स्वीकार गर्दछ र प्रभु को रूप मा उहाँ लाई पछ्याउने ढोका खोल्छ।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. येशूले “आत्मामा गरीब” को बारेमा कुरा गर्नु हुँदा, उहाँले आर्थिक रूपले गरीब भन्दा पनि आत्मिक रूपले गरीब मानिसहरूको बारेमा कुरा गर्दै हुनुहुन्छ। यो “आत्मिक रूपले गरीब” हुनुको अर्थ के हो भन्ने तपाईंलाई लाग्छ?
3. त्यसै गरी, जब येशूले “भोकाउनेहरू” का बारेमा कुरा गर्नुहुन्छ, उहाँ शारीरिक भोक भन्दा पनि आत्मिक भोकको बारेमा कुरा गर्दै हुनुहुन्छ। “आत्मिक भोक” को अर्थ के हो भन्ने तपाईंलाई लाग्छ?
4. धेरै पटक इसाईहरूलाई गैर इसाई मानिसहरूले मन पराउँदैनन्। उनीहरूलाई नराम्रो व्यवहार गर्दा इसाईहरूले कसरी प्रतिक्रिया देखाउनुपर्छ?
5. येशूले भन्नुभयो कि यदि उहाँका चेलाहरू सताइए भने तिनीहरू “धन्य” का हुन्। सतावट भोगिरहेको व्यक्ति कसरी धन्यका हुन सक्छ?
6. यस संसारका कुराहरूमा धनीहरूलाई येशूमा भरोसा गर्न किन गाह्रो हुन सक्छ?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

येशूको चेला हुनुको मतलब यो हो कि तपाईं हृदयमा विनम्र हुनु हो। येशूको चेला हुनुको मतलब यो हो कि तपाईंले उहाँको आज्ञा पालनमा अर्थ र शान्ति पाउनुहुनेछ। येशूको चेला हुनुको मतलब यो हो कि तपाईं ती व्यक्तिहरूलाई क्षमा दिनुहुन्छ जसले तपाईंलाई नराम्रो व्यवहार गरे। येशूको चेला हुनुको मतलब यो हो कि तपाईं स्वर्गको प्रतीक्षामा हुनुहुन्छ जहाँ तपाईंले आफ्नो इनाम पाउनुहुनेछ।

---

## कार्यान्वयन

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।
(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।
अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।

अगाडि हेर्नु

# भाग 12: डाँडाको उपदेश (लूका 6:24-46)

## एक अर्काको वास्ता गर्नुहोस्

पछाडि हेर्नु

- एक अर्काको लागि प्रार्थना गर्नुहोस्
- आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू, खेल, आदि) बाँड्नुहोस्

## सँगै मनाउनुहोस्

- गीत, सङ्गीत, नृत्य वा गवाही
- आराधना

## तपाईंको समूह र एक अर्कामा दर्शन बाँड्नु

- हामी येशूको अझ राम्रो चेलाहरू हुनेछौं
- हाम्रो समुदाय परमेश्वरको नजिक हुनको लागि

## दिनु र बाँडचुँड गर्नु

- परमेश्वरले तपाईंलाई अरूलाई मद्दत गर्नको लागि दिनुभएको कुराबाट केही दिनुहोस्

---

## परिचय

माथि हेर्नु

धेरै मानिसहरू येशूको तारिफ गर्छन्। धेरै मानिसहरू उहाँको शिक्षाको प्रशंसा गर्छन्। धेरै मानिसहरू चर्च जान्छन् किनकि उनीहरू सोच्छन् कि येशू उनीहरूबाट यही चाहनुहुन्छ। तर येशू भन्नुहुन्छ कि जसले उहाँलाई प्रेम गर्छ र उहाँलाई पछ्याउँछ तिनीहरूले वहाँको आज्ञा पालन गर्छन्। उहाँले यो मानिसहरूले उहाँको शिक्षा पालन गरेर स्वर्गमा जान्छन् भन्नका लागि होइन भन्नु भएन, तर उहाँको आज्ञा पालन गरेर तिनीहरूका जीवन पूर्ण होस् र आशिषित् होस् भन्नका लागि भन्नुहुन्छ। डाँडाको उपदेशको उहाँको शिक्षाले येशूको पछि लाग्ने र उहाँको शिक्षा पालन गर्नेहरूको चरित्रको वर्णन गर्दछ।

चरण 1: यो भाग दुई पटक हेर्नुहोस्।
चरण 2: समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस भागको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।
चरण 3: समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।
चरण 4: छलफलका प्रश्नहरू।

1. यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? केले तपाईंको ध्यान आकर्षित गर्यो?
2. मानिसहरू किन धनी बन्न चाहन्छ भन्ने तपाईंलाई लाग्छ? येशूले पैसाको बारेमा कुरा गर्न किन धेरै समय बिताउनु भयो भन्ने तपाईंलाई लाग्छ?
3. येशूको प्रचार सुनेका मानिसहरूले उहाँलाई कसरी प्रतिक्रिया दिए?
4. "दया" शब्दको अर्थ के हो? परमेश्वरले मानिसहरूलाई कसरी दया देखाउनुहुन्छ भन्ने तपाईंलाई लाग्छ?
5. मानिसहरूलाई क्षमा दिन किन गाह्रे हुन्छ जब उनीहरूले तपाईंलाई चोट पुर्याउने काम गर्छन्? के हामीलाई क्षमा गर्न परमेश्वरलाई गाहो छ?
6. यस परिच्छेदमा येशूको शिक्षाको आधारमा, मानिसहरूको न्याय र निन्दा गर्नु गलत हो भन्ने तपाईंलाई किन लाग्छ?

तपाईंको स्मार्ट फोनमा भाग हेर्नको लागि यो कोडको प्रयोग गर्नुहोस्। येशू फिल्मको वेबसाइटमा यो फिल्म अन्य भाषाहरूमा पनि उपलब्ध छ

## निष्कर्ष

कसरी धनले तपाईंलाई स्वर्गबाट टाढा राख्न सक्छ। येशूले हामीलाई सम्झाउनुहुन्छ कि परमेश्वर दयालु हुनुहुन्छ र हामी अरूलाई दया पनि देखाउ छौं। येशूले हामीलाई अरूलाई क्षमा गर्न सम्झाउनुहुन्छ किनकि हामीलाई क्षमा गरिएको छ। येशूले अरूलाई न्याय गर्न र कपटी बन्ने चेतावनी दिनुहुन्छ किनकि हामी उस्तै हुन सक्छौं जसरी हामी न्याय गछौं।

---

## कार्यान्वयन

अगाडि हेर्नु

आफ्नो समूहमा तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्थ्यो भन्ने तपाईं विश्वास गर्नुहुन्छ भनी बताउनुहोस्।

(चरण 2 बाट) एक अर्कालाई कथा बताउने अभ्यास गर्नुहोस्।

अरूहरूलाई आजको कथा बताउनुहोस् र उनीहरूलाई तपाईंको अर्को समूह समयमा आउन आमन्त्रित गर्नुहोस्।

प्रार्थना
- हामीले आज जे सिक्यौं त्यसको लागि प्रभुलाई धन्यवाद दिनुहोस्।
- आफ्नो समुदायका अरूहरूका लागि प्रार्थना गर्नुहोस्।
- आफ्नो समूहका एक अर्काको लागि प्रार्थना गर्नुहोस्।

**भाग 13: समावेश छैन।**

**यो एकदमै छोटो भागमा कुनै बाइबल अध्ययन छैन।**

**भाग 14 मा अगाडि बढ्नुहोस्।**

# भाग 14: पापी स्त्रीलाई क्षमा दिइएको (लूका 7:36-50)

पछाडि हेर्नु

## एक अर्काको वास्ता गर्नुहोस्

